जसले तावीज झुण्ड्याउँछ, उसले शिर्क गर्छ ।

उक्बह बिन आमिर (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ केही मानिसहरू आए। उहाँले नौ जनाबाट बैअत (वचनबद्धता) लिनुभयो तर एक जनाबाट लिनुभएन। त्यसैले उनीहरूले सोधे: "हे अल्लाहका रसूल! हजुरले नौ जनाबाट वचनबद्धता लिनुभयो र एक जनाबाट लिनुभएन!" उहाँले जवाफ दिनुभयो: "उसले तावीज लगाएको छ।" त्यसपछि त्यो मानिसले आफ्नो हात भित्र हाल्यो र तावीजलाई चुँडाएर फ्याँकिदियो । अनि उहाँले उसबाट पनि बैअत लिनुभयो र भन्नुभयो: "जसले तावीज झुण्ड्याउँछ, उसले शिर्क गर्छ ।"
[हसन] [अहमदले वर्णन गरेका छन्]

एक समूह नबी (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आयो, तिनीहरूको संख्या दश थियो, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले तिनीहरुमध्ये ९ जनाबाट इस्लाम र त्यसप्रति वफादारीको बैअत (वचनबद्धता/प्रतिज्ञा) लिनुभयो, तर एक जनाबाट लिनुभएन । जब यसको बरेमा सोधियो त उहाँले जवाफ दिनुभयो कि उसले तावीज झुण्ड्याएको छ। यो मोती, धागो वा अन्य चीजहरूबाट बनेको हुन्छ र दुष्ट शक्ति, हानि तथा विपत्तिबाट जोगिन घाँटी आदिमा लगाइन्छ। यो सुनेर, त्यस मानिसले ताबीज भएको ठाउँमा आफ्नो हात लग्यो र त्यसलाई काटेर फालिदियो। त्यसपछि मात्र नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले ऊसँग वफादारीको प्रतिज्ञा (बैअत) लिनुभयो। उहाँले ताबीज विरुद्ध चेतावनी दिँदै त्यसको धार्मिक आदेश (हुक्म) यसरी बताउनुभयो: "जसले ताबीज झुण्ड्याउँछ उसले शिर्क गर्छ ।"

http://www.sunnah.global/hadeeth/ne/show/6762